February 2014

# TODAY

(Newsletter of EURASIA REIYUKAI)

No. 2, Vol. 8

रेयूकाई शिक्षाको
आधार कृतज्ञता हो ।
अरुको खुशी आफ्नो खुशी बनाऔं ।
अरुको दु:ख आफ्नो दु:ख बनाऔं ।
यस्तो मानव संसार बनाउने
रेयूकाई शिक्षा हो ।

युशुन मासुनागा
संस्थापक अध्यक्ष, यूराशिया रेयूकाई

## यूराशिया रेयूकाई २२ औं शाखाका मिहाता जिम्मेवार शिबुचो श्री भीम बहादुर गुरुङ्गज्यूको अपील



यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको महान दया, माया एवं कृपा ग्रहण गर्ने मौका पाई कल्पौ कल्प सम्म विरलै मात्र भेट्न पाईने महान रेयूकाई शिक्षासंग भेट हुने मौका पाई कृतज्ञभई हात, खुट्टा, शरिरलाई प्रयोग गरी समर्पित अभ्यास, समर्पित प्रयास गर्दै अभ्यास गर्ने मौका पाएको छु। यूराशिया रेयूकाई २२औं शाखाको मिहाताको छाहारीमा बसी, २२औं शाखाको सिद्धान्त नम्रता, इमान्दारीता, आज्ञाकारीता र एकता एवं हाम्रो छवी "सँधै हसिलो यूवाको" रुपमा रहि कार्यान्वयन गर्ने महान मौका पाइरहेका छौं। यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई स्वंमबाट कार्यान्वयन गरि कार्यान्वयन गराई समय अनुसारको अभ्यास गर्ने मौका पाई कर्मको सम्बन्ध भएका नेपाल र भारत देशमा रहेका सदस्यहरु संगसँगै एकताबद्ध भई कृतज्ञता लाई आधार बनाई अहिलेको आफू बन्ने मौकापाई समाज बिकासमा योगदान दिन सक्ने ब्यक्ति बढी भन्दा बढी निर्माण गर्नको लागी क्रियाशील भई अभ्यास गर्ने मौका पाई रहेको छु। रेयूकाईको महान शिक्षाले आफ्ना अभिभावकहरु, पुर्खाहरु र देश प्रति सधै कृतज्ञ भई पुर्खाहरुले सन्ततीहरुलाई लगाउनु भएको गुण प्रति कृतज्ञता फर्काउन सक्ने किसिमको कार्य गर्ने मौका पाईरहेकोछु।

सद्धमपुण्डरीकसुत्रको शिक्षालाई कार्यान्वयन गर्दै हिँड मिलियन तुरुन्त कार्यान्वयन अभियानलाई कार्यान्वयन गरि पुर्खाहरुलाई केन्द्रविन्दु बनाई जीवन यापन गरिरहेको घरपरिवार निर्माण गरि पुण्य संचित गर्ने महान मौका पाईरहेको छु। युवा, महिला र वालबालिकाहरु संगसंगै अभ्यास गरि यूराशिया रेयूकाई २२औं शाखाको जिम्मेवारी र कर्तब्यलाई पुरा गर्नको लागी दत्तचित्त भई क्रियाशील हुने मौका पाइरहेकोछु। हामी सबै कृतज्ञताको भावना बोकी एकजना भएपनि बढी समाजको लागी सदुपयोग हुने उदारणीय ब्यक्ति बनी यूराशिया महाद्विपमा, बुद्धको शिक्षाको फुल फुलाउन एकताबद्धभई कार्यान्वयन गरि कार्यान्वयन गराई परिणामलाई देखा पारौ।



यूराशिया रयूकाई २२औं शाखाको भवन

## यूराशिया रेयूकाई महिला विकास शिक्कोबु जिम्मेवारकर्ता श्रीमती दुर्गा गुरुङ्गको अपील



यूराशिया रेयूकाई संस्थापक अध्यक्ष दम्पत्तीज्यूको महाँ दयालाई ग्रहण गर्ने मौका पाई यूराशिया रेयूकाई २२औं शाखाको मिहाताको छाहारीमा रहि नेपाल र भारत देशको सदस्यहरु संग संगै अभ्यास गर्ने मौका प्रति कृतज्ञता चढाउँदछु। २१ जनवरी १९९३ मा मेरो शिबुको संरक्षण देवलाई आफ्नै घरको गोहोजामा स्वागत गर्ने महान मौका पाएपछि मैले स्पाउस शिबुचोको रुपमा जिम्मेवारी र कर्तब्य महसुस गर्ने मौका पाए।

मेरो शिबुको कर्मको सम्बन्ध भएको महिला सदस्यहरुलाई हुर्काई सदस्यहरुको खुशिको लागी यो शिक्षा महान छ भन्ने कुरा महसुस गरि संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई सदस्यहरुमा प्रबाह गर्ने मौका पाएर श्रीमान् र सदस्यहरु संग संगै हुर्कने मौका पाईरहेकोछु। म जस्तो थुप्रै महिलाहरुलाई रेयूकाई शिक्षामा आबद्ध गराउदै घरबाट बाहिर निकाल्ने मौका पाएर होजाईन, जुन होजाशु, होजाशु, जुन शिबुचो र शिबुचो को रुपमा हुर्काउने मौका पाईरहेकी छु।

पुर्खास्मरण, कर्मको सम्बन्धको शुद्धिकरण र प्रयाश्चित अभ्यास को माध्यमवाट आफु भित्रको खराव चरित्रलाई परिवर्तन गरि अन्तरआत्माको विकास गरि आफु जस्तै धेरै भन्दा धेरै महिला सदस्यहरु उत्पादन गर्दै जाऔं।

महिलामा भएका ज्ञान, शिप र क्षमतालाई घर भित्रमात्र सिमित नराखी समाज तिर लगाउने कार्य गर्दै बच्चाहरु भविष्यका कर्णधार हुन् भन्ने महशुस गरी उनीहरुमा बच्चैदेखि अभिभावक भक्ति, समाज भक्ति र देश भक्ति जगाई रेयूकाईको शिक्षालाई कार्यान्वयन गरि कार्यान्वयन गराई परिणामलाई देखा पार्ने मौका पाएकी छु। यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन एक वादमा विश्वास गरि एक बादमा प्रबेश गरि एकवादको कार्यान्वयनको परिणामलाई आफु बसेको क्षेत्रमा देखा नपारिकन हुँदैन भन्ने भावना लिई कृतज्ञता नै रेयूकाई शिक्षाको आधार भएकोले महान् शिक्षाप्रति कृतज्ञ भई समुन्नत समाज निर्माण गर्न सबै मिलेर हिंड्ने प्रयास गर्दै "हिंड मिलियन तुरन्त कार्यान्वयन" लाई स्वयं कृयाशिल भई आफु बसेको घर, समाज तर्फ फर्की आफ्नो हात खुट्टा प्रयोग गरि मिचिविकी गर्ने मौका पाई अरुलाई पनि कार्यान्वयन गराई यूराशिया महाद्विपलाई बचाउन अग्रसरभई परिणाम र प्रतिफललाई देखा पारौं भनि अपील गर्दछु।

## जापान भ्रमण अभ्यास

जापान रेयूकाई ८औं शाखाको निमन्त्रणामा यूराशिया रेयूकाई मिहाताको नेतृत्वमा यूराशिया रेयूकाईबाट ५जना लिडर्सहरुले सन् २०१४ जनवरी २३ देखि जनवरी ३१ तारिखसम्म जापान भ्रमण अभ्यासमा जाने मौका प्राप्त गर्नुभयो। भ्रमण टोलीमा रहनुभएका लिर्डसहरुले २६ जनवरी २०१४ मा आयोजना गरिएको जापान रेयूकाई ८औं शाखाको भब्यभेला समारोहमा सहभागी हुने मौका पाउनु भएको थियो। साथै जापन स्थित बिभिन्न क्षेत्रहरुको अवलोकन भ्रमण गरी स्वदेश फर्कनु भएको थियो।



## भारत गणतन्त्र दिवसको अवसरमा फुटबल प्रतियोगिता

यूराशिया रेयूकाई समाज बिकास केन्द्र सिलिगुढी र ब्वाइज क्लब बंकिम नगरको सयुक्त आयोजनामा भारतको ६५औं गणतन्त्र दिवस समारोह भोटिया मैदानमा फुटबल प्रतियोगिता सहित विभिन्न कार्यक्रम भब्य रुपमा आयोजना गरीयो।



उक्त समारोहको अवसरमा स्थानिय कलाकारहरुले विभिन्न आकर्षक देशभक्तिले ओतप्रोत सास्कृति नृत्य प्रस्तुत गरेका थिए।

मुख्य आकर्षणको रुपमा रहेको एकदिने फुटबल प्रतियोगितामा स्थानिय १२ टिमले भाग लिएका थिए। प्रतियोगितामा शिवमन्दिरले विजय हासिल गरेको थियो। विजयी टिम एवं उत्कृष्ट खेलाडीहरुलाई ट्रफी, प्रमाणपत्र र नगद पुरस्कारले पुरस्कृत गरीएको थियो।

# व्यक्तिगत अनुभव



नाम : श्रीमती कल्पना रेग्मी
क्षेत्र : चापाकोट, स्याङ्जा
ओया : शान्ति श्रेष्ठ
उपाधि : जुन होजाशु

नमस्कार

मेरो नाम कल्पना रेग्मी हो । म रेयूकाई शिक्षासंग सन् २०१२ जुन ६ तारिख भेट हुने मौका पाएकी हुं । मेरो मिहाता शाखा २५ औं शाखा हो । म स्याङ्जा चापाकोट क्षेत्रमा बस्छु ।

रेयूकाईमा प्रवेश गर्नु पहिले म चापाकोटमा महिला समुहद्धारा आयोजित उद्घोषण तालिममा सहभागी भएकी थिए । उक्त तालिममा शिबुचो जनार्दन अधिकारीज्यूले रेयूकाई शिक्षा जीवित अभिभावक प्रति आदर गर्ने र वितेर गएका पुर्खाहरुलाई स्मरण गर्न पाउने महान शिक्षा हो भन्नुभएको कुरा गहिरो रुपमा महशुस गरी त्यो बेला नै ओया शान्ति श्रेष्ठ मार्फत सदस्य बन्ने मौका पाए । शिवुचोज्यूले तपाइंहरु सदस्य बन्नु भयो अरु साथी-भाई, नातेदारहरुलाई पनि सदस्य बनाएर विश्व शान्तिको लागि योगदान गर्ने व्यक्ति एक जना भएपनि बढी निर्माण गर्दै जानुपर्छ भन्नु भएको कुरालाई मैले एक महिना भित्र नै चालिस जना सदस्य बनाउने मौका पाएं । आफ्नो घरमा सोकाईम्यो स्थापना गर्ने मौका पाएर सुत्रपाठ चढाउने मौका पाईरहेकी छु। यसै क्रममा एक दिन शिबुचोज्यूले फोन गरेर स्थिरमति पहाड पोखरामा अभ्यास कार्यक्रम छ तपाई अवस्य आउनु होस् भन्नु भएकोले जाने मौका पाए । त्यहाँको दुई दिनको अभ्यासबाट भेट हुने मौका पाई स्कूल, कलेजमा पढेर नपाईने शिक्षा पाएको महसुस गरे । दुई दिनको कार्यक्रमबाट पुनर्जीवन पाएको महसुस गरी रेयूकाई शिक्षाबाट आफुले पहिले गरेको गल्तीहरुलाई आत्मआलोचना गरि प्रायश्चित गर्ने मौका पाएं । संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई शिवुचोज्यूबाट प्रवाह गर्नु भएको थियो । नराम्रो चरित्रलाई परिवर्तन गरेर राम्रो बनाउदै जाने हो नराम्रो भन्ने थाहा पाएर फेरी नराम्रो कार्य गर्नु हुंदैन भन्नु भएको कुरा साच्चैनै महसुस गरी अब देखि म पनि एक एक खराब कुरालाई हटाउदै जान्छु भन्ने प्रतिज्ञा गरेर उत्साहलाई ग्रहण गरी फर्के । रेयूकाईमा प्रवेश गर्नु पहिले म अरुलाइ आदर नगर्ने,नमस्कार नगर्ने, धन्यवाद नभन्ने र आफनो गल्तीमा पनि माफ गर्नुहोस पटक्कै भन्दिन थिएं तर आजकल रेयूकाई शिक्षाबाट सिकेर यो कुरालाई लागु गर्दा साच्चै नै समाजमा सबै संग घुलमिल हुन सहज भएको छ । मिचिबिकी गर्न पनि सजिलो भएको छ । भेट्दा सबैले भन्ने गर्दछन कल्पना तिमीमा अचम्मको परिवर्तन आएको छ पहिलाको त्यस्तो घमण्ड कता गयो भन्नु हुंदा मलाई साच्चै नै खुशी लाग्छ । मलाई रेयूकाई शिक्षामा सब भन्दा मनपरेको कुरा म छोरी भएर पनि पुर्खाहरुलाइ स्मरण गर्ने मौका पाए । सुत्रपाठ गर्दा भावना लगाएर गर्नुपर्छ भनेर शिवुचोज्यूले भन्नु भएको कुरालाई दत्तचित्त भएर अभ्यास गर्ने मौका पाईरहेकीछु । साथी-भाइहरुलाई भेट्दा रेयूकाईको बारेमा आफुले सिकेको र जानेको कुरा बताएर मिचिविकी गर्ने मौका पाईरहेकी छु । शनिवार घरमा नै सदस्यहरुको भेला आयोजना गरी अनुभव आदान प्रदान गर्ने मौका पाईरहेकी छु यो कार्यमा घरपरिवारले पनि सहयोग गरी उत्साह र हौसला प्रदान गर्नु भएको छ । मिचिबिकी १०० जना भन्दा बढी गर्ने मौका पाएर । गोहोम्यो आत्माग्रहण समारोहमा सहभागी हुने मौका पाई १०० दिनको अभ्यास १०० दिनमा नै पूरा गरी सोकाईम्यो लेख्ने मान्यता पाए, र आफ्नै हातबाट कर्मको सम्बन्ध भएका सदस्यहरुको घरमा सोकाईम्यो लेखि विराजमान गराउने मौका पाईरहेकी छु ।

अन्तमा, यस्तो महान रेयूकाई शिक्षासंग भेटहुने मौका प्रदान गर्नु हुने ओयाज्यू, नेपाल देशमा रेयूकाई शिक्षा ल्याउनु हुने यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूमा, हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सधै सिक्ने भावना, कृतज्ञताको भावना र माफीको भावना लिई अग्रजहरुबाट प्रदान गर्नु भएको मार्गनिर्देशनलाई कार्यान्वयन गरी मिचिबिकीको पुण्यफल संचय गर्ने मौका पाई आफू होजाशु बनी जुनशिवुचोको लक्ष्य लिई आजको आफु बनी अभ्यास गर्ने प्रतिज्ञा गर्दछु । धन्यवाद । नमस्कार

## ७० वर्षभन्दा माथिका ज्येष्ठ अभिभावकलाई सम्मान



यूराशिया रेयूकाई २५ औं शाखाको आयोजनामा ७० बर्ष भन्दा माथिका ज्येष्ठ अविभावकहरुलाई १८ जनवरी २०१४ का दिन दोसल्ला ओढाएर प्रमुख अतिथी वरिष्ठ रचनाकार श्री दुर्गालाल श्रेष्ठज्यूले सम्मान गर्नु भयो । काठमाण्डौ, भक्तपुर, ललितपुर, काभ्रे, खोटाङ्ग र पाल्पामा बसोबास गर्दै आउनुभएका २४ जना वृद्ध-वृद्धा अभिभावकहरुलाई आमन्त्रण गरी सम्मान गरिएको थियो ।

## शान्तिपद यात्रा

यूराशिया रेयूकाई १३औं शाखाले २२ जनवरी २०१४ का दिन महान रेयूकाई शिक्षालाई समाजमा परिचित गराई समाज बिकासमा योगदान दिने व्यक्ति १ जना भएपनि बढी निर्माण गरौं भन्ने उद्देश्यका साथ वृहद शान्ति पदयात्रा कार्यक्रम सम्पन्न गऱ्यो। शिबुचो कमल के.सी.को संयोजकत्वमा ऱ्यालीले बजार परिक्रमा गरी, उद्योग बाणिज्य संघले आयोजना गरेको “टिकापुर महोत्सव” स्थलमा पुगी ऱ्याली समापन गरिएको थियो ।



## समाजिक कृयाकलापहरुको फोटो झलक



क्म्यूटर शिक्षा तालिम यूराशिया रेयूकाई २१औं शाखा, सिलिगुडी, भारत ।



नि:शुल्क आँखा शिविर, यूराशिया रेयूकाई २८ औं शाखा, पृथ्वीनगर ।



हस्तकला तालिम
यूराशिया रेयूकाई ११औं शाखा, धोबीधारा, काठमाण्डौ ।



बाल भेला कार्यक्रम यूराशिया रेयूकाई ११औं शाखा, धोबीधारा, काठमाण्डौ ।



मैनबत्ती एवं फिनेल बनाउने तालिम
यूराशिया रेयूकाई समाज विकास केन्द, कालेबुङ्ग ।



३ महिने चाईनिज कुकिङ्ग तालिम
यूराशिया रेयूकाई १७औं शाखा, सिद्धार्थनगर ।